# दलित अधिकार ऐन

# २०७७

## गोकुलगंगा गाउँपालिका, रामेछाप

**(प्रारम्भिक मस्यौदा)**

(२०७७ पौष १३ देखी १५ गते सम्म दलित समुदायका प्रतिनिधिहरुको सहभागिता र अधिवक्ताद्धय चक्रमान विश्वकर्मा बाल्मिकी आउजीको सहजिकरणमा गोकुलगंगा गाउँपालिकामा सञ्चालित कार्यशालामा तयार गरिएको )

# प्रस्तावना

राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरुले पुर्ण रुपमा वर्जित गरेको जातीय भेदभाव तथा छुवाछूत जस्तो अमानविय व्यवहार गोकुल गंगा गाउँपालिकामा विस्तारै कम हुदै गईरहेको देखिएता पनि मूल रुपमा अझै सम्म कायमै रहेको कारण दलित समुदायको मूलप्रवाहिकरण हुन नसकि लामो समयदेखी समग्र विकासमा बाधा पुगिरहेको वास्तविक यथार्तलाई आत्मसाथ गर्दै, यस गाउँपालिकामा जातीय आधारमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता,र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका खाँतिर कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२६(१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १०२(१) बमोजिम यो "**दलित अधिकार ऐन २०७७,गोकुलगंगा गाउँपाकि रामेछा**प" लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "**दलित अधिकार ऐन २०७७,गोकुल गंगा गाउँपाकि रामेछा**प" रहेको छ ।

(२) यो ऐन गोकुल गंगा गाउँपालिकाको गाउँसभाबाट पारित भई अध्यक्षबाट प्रमाणित भएको मिति देखि लागू हुनेछ ।

(३) यो ऐन गोकुलगंगा गाउँपालिका भर लागू हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(१) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सुचिकृत गरेका जातजातिलाई जनाउने छ ।

(२) "गाउँपालिका" भन्नाले बागमती प्रदेश अन्तरगत रहेको रामेछाप जिल्लाको गोकुल गंगा गाउँपालिकालाई जनाउने छ ।

(३)"अनुगमन समिति" भन्नाले गोकुल गंगा गाउँपालिका स्तरमा गठन भएको जातीय विभेद तथा छुवाछूत व्यवहार अनुगमन समितिलाई बुझाउने छ ।

(४) "जातीय भेदभाव तथा छुवाछूत" भन्नाले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(५)सामाजिक न्याय प्रवर्द्धन समितिः समुदायमा सामाजिक न्याय पर्वद्धनका लागि गोकुल गंगा गाउँपालिकाको प्रत्येक वडाहरुमा गठन गरिने सामाजिक न्याय प्रवद्धन समितिलाई बुझाउने छ ।

(६) "सार्वजनिक स्थान" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान- बगैंचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(७)"सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा

हल वा नाचघर सम्भन्नु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

# परिच्छेद २

## ३.सामाजिक भेदभाव अन्त्य सम्बन्धि व्यवस्था :

(१) जातका आधारमा दलित समुदायका ब्यक्तिहरुलाई मठ,मन्दिर, विद्ययालय, धारा पंधेरा समेत सार्वजनिक स्थल र निजि स्थानमा भेदभाव गर्न पाईने छैन ।

(२) गोकुल गंगा गाउँपालिका दलित समुदाका मानिसहरुको आत्म सम्मानमा चोट पुरयाउने तथा जातीय विभेद झल्काउने खालका भाषा, शैलि, शब्द र उखान टुक्काहरु कुनै पनि माध्यमबाट अभिब्यक्त गर्न पाईने छैन ।

(२)दलित समुदायमा रहेका अन्ध विश्वास, कुरिति र रुढीवादी परम्पराहरु हटाउन गाउँपालिकाले विशेष अभियान संचालन गर्ने छ ।

(३) दलित समुदायको गौरवमय ईतिहास कला र संस्कृतिको शंरक्षण तथा विकासको लागि गाउँपालिकामा दलित संग्राहालय स्थापना गरिने छ ।

(४) समाजमा जातीय विभेद अन्त गरी दलित समुदायलाई सामाजिक न्याय दिलाउन महत्वपुर्ण योगदान पुरयाउने गाउँपालिका भित्रका गैर दलित समुदायका व्यक्तिहरुलाई प्रत्येक वर्ष पुरुस्कार सहित सम्मान गरिने छ ।

(५) कानूनअनुसार उम्मेर पुगेका दलित दलित र दलित गैरदलिका केटाकेटीहरुले आफनै राजी खुशिले विवाह गरेमा गाउँपालिकाबाट त्यस्तो विवाह गर्ने जोडीलाई पुरस्कृत गरिने छ । साथै उनीहरुको सुरक्षा र जीवन निर्वाहको लागि आवश्यक पहलकदमी गरिने छ ।

(६)जातीय भेदभाव उन्मूलन सम्बन्धि अन्तराष्टिय दिवस २१ मार्च गाउँपालिकाले वार्षिक रुपमा मनाउने छ ।

(७) “जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर सजाय ) ऐन २०६८”को बारेमा समुदायमा सचेतिकरण र ऐनको प्रभावकारी कार्यान्वयन गरिने छ ।

(८) दलित दलित र गैर दलितहरुको वीचको छुवाछूततको विभेद हटाउन सडकनाटक, संचारमाद्ययामको परिचालन र अन्य आवश्यक पहलककदमी गरिने छ ।

(९) दलित समुदायको सामाजिक न्याय सुनिश्ति गर्न गोकुलगंगा गाउँपालिकालाई छुवाछूतमुक्त गाउँपालिका घोषणा गरिने छ ।

(१०.) दलित ,जनजाती र बाहुन क्षेत्रीका युवायुवतीहरुलाई जातीय भेदभाव अन्त्य सम्बन्धि श्रोत ब्यक्तिको रुपमा विकास गरी परिचालन गरिने छ ।

(११) गाउँपालिका भित्र रहेका जेष्ठ नागरिकहरुलाई छुवाछूत तथा जातीय विभेद अन्त्यको लागि वस्ति स्तरमा अभिमुखिकरण गरिने छ । अभिमुखिकरणको लागि पंडित पुजारी, शिक्षक, राजनीतिक दलका प्रतिनिधिहरुलाई श्रोत ब्यक्तिको रुपमा परिचालन गरिने छ । छुवाछूत अन्त गर्न महत्वपुर्ण योगदान पुरयाउने जेष्ठ नागरिकलाई सम्मान गरिने छ ।

## ४.दलितहरुको आर्थिक अधिकार संबन्धि ब्यवस्था

(१)दलित समुदायका ब्यक्तिहरुलाई  उनीहरुको ज्ञान सीप र क्षमता विकासको लागि उद्ययमशिल तथा ब्यवसायमूलक तालिमहरु संचालन गरिने छ ।

(२) दलित समुदायका परम्परागत सीप र पेशाको शंरक्षण गर्न आवश्यक प्रबन्ध मिलाईने छ ।

(३) दलितहरुलाई उनीहरुको आर्थिक सम्बृद्धिका लागि उद्ययोग ब्यवसाय संचालन गर्न आर्थिक अनुदान उपलब्ध गराईने छ । उद्ययोग ब्यवसाय करमा छुटको ब्यवस्था मिलाईने छ ।

(४)गाउँपालिकामा दलितको जनसंख्याको प्रतिशतको आाधारमा बजेट विनियोजन गरी उनीहरुको सर्वाङ्गीण विकासमा जोड दिईने छ ।

५)गाउँपालिका भित्र रहेका सुकुम्बासी दलित घरपरिवारहरुको लगत संकलन  गरी नियमानुर जग्गा उपब्ध गराउन आवश्यक पहल गरिने छ  ।

(६) दलितहरुको आर्थिक उन्नतीको लागि गाउँपालिका स्तरिय सहकारी स्थापना गर्न आवश्य प्रवन्ध मिलाईने छ ।

# परिच्छेद - ३

## ५. शिक्षा अधिकार सम्बन्धि ब्यवस्थाः

(१) प्रत्येक दलित विद्यार्थीलाई प्राथमिक देखि माद्ययामिक तह (कक्षा १२ ) सम्म अनिवार्य र निशुल्क शिक्षाको ब्यवस्था गरिनेछ ।

(२)  प्राविधिक तथा उच्च शिक्षा अद्ययन गर्ने  दलित विद्यार्थीहरुको लागि पुर्ण छात्रवृतिको ब्यवस्था गरिने छ ।

(३) प्राविधिक र उच्च शिक्षा अद्ययनका लागि  छात्रबृति कोषको स्थापना गरिने छ ।

(४)उपदफा (३) बमोजिमको प्राविधिक शिक्षाको छात्रवृतिको कार्यविधि   गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(५) विद्ययालयका शिक्षकहरुलाई आवश्यकता अनुसार जातीय छुवाछूत  विरुद्धका अभियानमा परिचलान गरिने छ र विद्यालयमा कुनै पनि किसिमको जातीय विभेदका कियाकलापहरु गर्न नपाईने व्यवस्था  मिलाईने छ ।

(६) गाउँपालिका भित्र रहेका विद्ययालयहरुमा कम्तिमा एक विद्ययालय एक दलित शिक्षकको व्यवस्था गरिने छ ।

## ६.स्वास्थ्य अधिकार सम्बन्धि व्यवस्था

(१) गरिब तथा विपन्न दलित समुदायको व्यक्तिलाई जटिल तथा गम्भीर प्रकृतिको रोगव्याधीमा स्वास्थ्ये उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराईने छ ।

(२)दलित वस्तिमा सरसरफाई सम्बन्धि चेतना अभिवृद्दि र बालबालिकाहरुका लागि पौष्टिक आहार सम्बन्धि कार्यत्रमहरु संचालन गरिने छ ।

(३) दलित यूवाहरुको खेलकुद विकासको लागि आवश्यक सहयोग प्रदान गरिने छ ।

(४) दलित समुदायको गर्भवती महिलालाई नेपाल सरकारले प्रदान गरेको  सुविधा बाहेक पोषणका लागि एक पटक रु. १०००।  प्रदान गरिने छ ।

# परिच्छेद- ४

## ७.समानुपातिक समावेशी संबन्धि ब्यवस्था

(१) गाउँपालिकाका सबै सयन्त्रहरु र रोजारीका अवशरुहरुमा दलितहरुलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दा दलितका लागि आरक्षित कोटा मध्य पचास प्रतिशत दलित महिलाका लागि सुनिश्चित गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको सार्वजनिक तथा सरकारी सेवामा समानुपातिक समावेशी सिद्धान्त बमोजिम सहभागिता गराउन पुर्व तयारी कक्षाहरु संचालन गरिने छ । परिपालन गर्नको लागि दलित समुदायलाई सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(४) दलित जनप्रतिनिधिहरुको क्षमता विकासको लागि विभिन्न तालिम, कार्यशाला र अध्ययन भ्रमणका कार्यकमहरु संचालन गरिने छ ।

### ८.जातीय विभेद तथा छुवाछूत अनुगमन समिति सम्बन्धी व्यवस्था

(१) जातीय विभेद तथा छुवाछूतका घटनाहरुलाई नियन्त्रण गर्न तथा निगरानी गर्न  गाउँपालिकामा देहाय बमोजिमको पाँच सदस्यि एक जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका  अध्यक्ष          -संयोजक

(ख) दलित अधिकारको  क्षेत्रमा कम्तीमा ५ बर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्ति मध्ये  २ जना -

(ग) दलित महिला सदस्य १ जना

(घ) गाउँपालिकाका सामाजिक विकास अधिकृत -सदस्य सचिव

## ९.जातीय विभेद तथा छुवाछूत अनुगमन समितिको काम कर्तब्य र अधिकार

(१)दलितको हक अधिकार संरक्षण र प्रवर्द्धनको लागि स्थानीय स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

(२) दलितको हक अधिकार प्रवर्द्धनको लागि स्थानीय तहमा देखा परेका बाधा अवरोध समस्या निराकरण गर्ने ।

(३) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीयस्तरमा गर्नुपर्ने कार्यको लागि सरोकारवालाहरु र सम्बन्धि निकायसंग समन्वय तथा सहकार्य गर्ने ।

(४) वार्ड स्तरमा गठन गरिने सामाजिक न्याय प्रवद्धन समितिलाई आवश्यक सल्लाह सुझाव, निर्देशन दिने ।

(५)दलितहरु  विभेद अन्तयका लागि नेपालको संविधान तथा कानूननमा सुनिश्चित गरिएका ब्यवस्थाहरु  कार्यान्वयन  गर्न गराउन पहल गर्ने ।

(६)स्थानीय स्तरमा दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।

(७)दलित विद्यार्थीको निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउन सम्पुर्ण काम गर्ने ।

(८)समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(९)स्थानीय स्तरमा दलितको हक अधिकार संरक्षण र हित प्रवर्द्धनको लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।

## १०.सामाजिक न्याय प्रवर्द्धन समिति

(१) गोकुलगंगा गाउँपालिका पत्येक वार्डहरुमा देहायका प्रतिनिधिहरु रहने गरी  एक सामाजिक न्याय प्रर्वद्धन समिति गठन गरिने छ ।

.(क).दलित महिला सदस्य १ जना- संयोजक

(ख) वार्ड सचिव - सदस्यसचिव

(ग) सम्बन्धित वार्डमा जातीय विभेद अन्तका लागि योगदान गरेको गैरदलित व्यक्तिबाट १ जना - सदस्य

(घ) दलित अधिकार कर्मी  महिला पुरुष २ जना -सदस्य

**११.सामाजिक न्याय प्रवर्द्धन समितिको काम कर्तब्य र अधिकार**

(१)दलितको हक अधिकार संरक्षण र प्रवर्द्धनको लागि वार्ड स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

(२) दलितको हक अधिकार प्रवर्द्धनको लागि वार्डस्तरमा देखा परेका बाधा अवरोध समस्या निराकरण गर्ने ।

(३) वडास्तरमा हुने बाल विवाह, लैंगिक हिंसा, छुवाछूत, दाईजो, लागू पदार्थ दुर्ब्यशनी जस्ता सामाजिक कँरीति, अन्धविश्वस र विकृतिहरुको अन्त्य गर्न गराउन पहल गर्ने ।

(४) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि सरोकारवालाहरु र सम्बन्धि निकायसंग समन्वय तथा सहकार्य गर्ने ।

(५) वार्ड स्तरमा गठन गरिने सामाजिक न्याय प्रवद्धन समितिलाई आवश्यक सल्लाह सुझाव, निर्देशन दिने ।

**१२. रणनीतिक योजना तर्जुमा** : गोकुलगंगा गाउँपालिका भित्र रहेको जातीय विभेद अन्त्य गरी दलित समुदायको सामाजिक, आर्थिक, स्वास्थ्य, शैक्षिक अवश्था सधारको लागि ५ वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

**१३.निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने** :यस ऐन अन्तरगत गाउँपालिकाले आवश्यक नीति,मापदण्ड  र कार्यविधि बनाउन सक्ने छ ।

**१४.उजरी गर्न सक्ने** : जातीय भेदभाव तथा छुवाछूतको घटना सम्बन्धमा  गाउँपालिकाको जातीय विभेद  तथा छुवाछूत  अनुगमन समिति र  सम्बन्धित वार्डको सामाजिक न्याय समितिमा समेत उजुरी गर्न सकिनेछ ।

**१५.संसोधन**. यस ऐनमा संसोधन तथा आवश्यक  परिमार्जन गर्ने अधिकार  गाउँपालिकालाई हुने छ ।

**१६. ऐनको ब्याख्या:** यस ऐनमा भएका प्रावधानहरुको ब्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुने छ ।

**१७.यस ऐन बमोजिम हुने** :  यस ऐनमा भएका प्राधानहरु यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।